## मर्स्याङ्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ

गण्डकी प्रदेश, नेपाल

# खेलाडी प्रोत्साहन कार्यविधि, २०८२

पारित मिति २०८२।०४।२८

# खेलाडी प्रोत्साहन कार्यविधि, २०८२

**प्रस्तावना:**

आजको युवा विद्यार्थीहरुलाई खेलको माध्यमबाट उर्जाशिल गतिशिल र अनुशासित बनाई, राष्ट्र र राष्ट्रियता प्रति समर्पित बफादार, कर्म कर्तब्य परायण र देशभक्त बनाई उज्वल भविष्यको सपना देख्ने सफल ब्यक्ति बनाउने लक्ष्यका साथ स्थानिय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकारलाई प्रयोग गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय, प्रदेश तथा अन्तरप्रदेश, जिल्ला तथा अन्तरजिल्ला, पालिका तथा अन्तरपालिका खेलकुद प्रतियोगितामा ट्रफी वा पदकसहित महत्वपूर्ण स्थान प्राप्त गरी गाउँपालिकाको शिरलाई उच्च बनाई गाउँपालिकाबासीको गौरव बढाउन साथै योगदान पुर्याउन सफल उत्कृष्ट खेलाडी, सम्भावना भएका खेलाडी तथा प्रशिक्षकलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने सम्वन्धमा आवश्यक कार्यविधि बनाउन वाञ्छनीय भएकोले मर्स्याङ्दी गाउँपालिकाले यो खेलाडी प्रोत्साहन कार्यविधि, २०८२ बनाएर जारी गरिएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यस कार्यविधिको नाम " खेलाडी प्रोत्साहन कार्यविधि २०८२ रहेको छ ।

ख) यो कार्यविधि गाउँपालिकाकाले स्वीकृत गरेको मितिदेखी प्रारम्भ हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसाङ्गले अर्को अर्थ नलागेमा ।

क) **खेलकुद** भन्नाले शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक विकासका लागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, प्रदेश तथा अन्तरप्रदेश, जिल्ला तथा अन्तरजिल्ला, पालिका तथा अन्तरपालिका, स्तरमा नेपाल सरकार वा खेलकुद परिषद वा आधिकारिका संघसंस्थाले औपाचरिक रुपमा सञ्चालन गरेको प्रतियोगिता सम्झनु पर्दछ ।

ख) **"पुरस्कार तथा सम्मान"** भन्नाले शारीरिक, मानसिक, बौद्धिक ताथा संवेगात्मक विकासका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय, प्रदेश तथा अन्तरप्रदेश तथा अन्तरप्रदेश, जिल्ला तथा अन्तरजिल्ला, पालिका तथा अन्तरपालिका स्तरमा नेपाल सरकार वा खेलकुद परिषद् वा आधिकारिक संघसंस्थाले औपचारिका रुपमा सञ्चालन गरेको प्रतियोगिता प्रथम, द्धितिय, तृतिय, टिम च्याम्पियन, ट्रफी वा पदक हासिल गरेको अवस्थामा प्रदान गरिने जिन्सी वा नगद रकमलाई सम्झनु पर्दछ ।

ग) **"राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता"** भन्नाले विद्यालय स्तरमा खेल प्रविभाको खोजी गर्न सञ्चालन गरिने खेलकुद प्रतियोगितालाई सम्झनु पर्दछ ।

घ) **"अध्यक्ष / वडा अध्यक्ष/ कप "** भन्नाले गाउँपालिका वा वडा स्तरमा गाउँ सभावाट निश्चित बजेट विनियोजन गरि आयोजना गरिने विभिन्न खेलकुद कार्याक्रमलाई सम्झनु पर्दछ ।

ङ) **" विषेश कार्यक्रम"** भन्नाले राष्ट्रिय व्यत्तित्व शहिद तथा विषेश ख्याति प्राप्त व्यत्तिको नाममा गरिने खेलकुद कार्यक्रमलाई बुझिन्छ ।

च) "समिति" भन्नाले दफा ३ बमोजिम खेलाडी तथा प्रशिक्षकलाई सम्मान तथा पुरस्कार प्रदान गर्न गठित सिफारिस समितिलाई बुझ्नुपर्दछ ।

छ) "महत्वपूर्ण स्थान" भन्नाले खेलकुद प्रतियोगितामा प्रथम, द्वितिय, तृतिय, टिम च्याम्पियन, ट्रफी वा पदक हासिल गरेको अवस्थालाई सम्झनु पर्दछ ।

## ३. सिफारिस समिति सम्बन्धी व्यवस्थाः

१. महत्वपूर्ण स्थान हासिल गर्न सफल खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षकहरु र अनुशासित तथा उत्कृष्ट खेल क्षमताको सम्भावना भएका खेलाडीहरुलाई यस कार्यविधि बमोजिमको पुरस्कार तथा सम्मानको लागि गाउँपालिकासमक्ष सिफारिस गर्ने देहाय बमोजिमाको समिति रहनेछ ।

क) गाउँपालिका प्रमुख वा गाउँपालिका प्रमुखले तोकेको कार्यपालिका सदस्य — संयोजक

ख) गाउँपालिकामा खेलकुद क्षेत्रमा योगदान पुर्याएको खेलप्रेमी मध्येबाट समितिले छानेको एकजना — सदस्य

ग) गाउँपालिकाको खेलकुद संयोजक — सदस्य

घ) गाउँकार्यपालिका सदस्य मध्येबाट संयोजकले तोकेको १ जना — सदस्य

ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

२. समितिको बैठक तथा वर्षको कम्तीमा चार पटक बस्नेछ ।

३. समितिको बैठक समितिको संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

४. समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ ।

५. समितिको बैठक सम्बन्धी अन्य प्रक्रिया सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. समितिको सचिवको काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

## ४. पुरस्कार तथा सम्मानः

गाउँपालिकाले राष्ट्रिय तथा अन्तरराष्ट्रिय, प्रदेश तथा अन्तरप्रदेश, जिल्ला तथा अन्तरजिल्ला, पालिका तथा अन्तरपालिका स्तरमा नेपाल सरकार, खेलकुद परिषद् वा आधिकारिक संघ सस्थाले औपचारिक रुपमा सञ्चालन गरेको प्रतियोगितामा प्रथम, द्वितिय, तृतिय, टिम च्याम्पियन, ट्रफी वा पदक हासिल गर्ने खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षकलाई दफा ३ बमोजिमको सिफारिस समितिको सिफारिसमा गाउँ कार्यपालिकले निर्णय गरे बमोजिमको नगद र सम्मान पत्र प्रदान गरिने छ । सिफारिस समितिको सिफारिस गाउँ कार्यापलिकाले आवश्यक संसोधन सहित निर्णय गर्न सक्नेछ ।

## ५. अन्य सहयोगः

अनुशासित तथा उत्कृष्ट खेलको क्षमता राख्न सक्ने खेलाडीहरुलाई आवश्यकताको आधारमा गाउँपालिकाले सहयोग गर्न सक्नेछ ।

६. **पुरस्कार तथा सम्मानका लागि निवेदन तथा सिफारिसको व्यवस्थाः**

महत्वपूर्ण स्थान हासिल गर्न सफल खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षकले सम्मान तथा पुरस्कारका लागि खेलकुद प्रतियोगिता सम्पन्न भएको ७ दिनभित्र देहायको विवरण तथा कागजात संग्लन गरी गाउँपालिकामा निवेदन पेस गर्नु पर्नेछ ।

क) खेलकुद प्रतियोगितामा आयोजकबाट प्रदान गरिएको प्रमाण पत्रको प्रतिलिपी ।
ख) खेलकुद प्रतियोगितामा भाग लिन गाउँपाकाको स्वीकृतिमा गएको प्रमाण ।
ग) खेलकुद प्रतियोगितामा कार्यविधि अनुसार खर्च गरेको रकम बिल भरपाई।

७. **कार्यक्रम आयोजना गरी पुरस्कार तथा सम्मान प्रदान गर्नेः**

सम्मानका लागि सिफारिस भएका महत्वपूर्ण स्थान हासिल गर्न सफल खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षकलाई गाउँपालिकाले कार्यक्रम आयोजना गरी पुरस्कार तथा सम्मान प्रदान गर्नेछ ।

८. **खेलभत्ता र यातायात खर्चको व्यवस्थाः**

गाउँपालिकाको स्वीकृतिमा खेलकुद प्रतियोगितामा सहभागी हुन जाने प्रशिक्षक, सहायक प्रशिक्षकलाई दैनिक रु १४००। का दरले खेलकुद भत्ता र यातायात समितिले निर्धारण गरेको गाडी भाडा उपलब्ध गराउन सक्नेछ।

९. **बजेटको व्यवस्थाः**

यस कार्यविधि बमोजिम प्रदान गरिने खेलकुद पुरस्कार र सम्मान तथा अन्य आवश्यक रकमको व्यवस्था मर्स्याङ्दी गाउँपालिकाको आर्थिक बर्षको खेलकुद विकास कोषतर्फ विनियोजित बजेटबाट गरिनेछ ।

१०. **खारेजी र बचाउः**

यस कार्यविधिको कुनै पनि दफाहरुको व्याख्या गर्ने, खारेजी गर्ने, तथा शंसोधन गर्ने पूर्ण अधिकार गाउँकार्यपालिकाको हुनेछ ।

११. **विगठन हुन सक्नेः**

यस कार्यविधिको कुनै पनि बुँदा संघ तथा प्रदेश सरकारले बनएको कुनै पनि ऐन संग बाझिएमा बाझिएको हद सम्म बदर हुनेछ ।